JDL, Volume 1, Issue 1, ISSN: 2822-1966(p), May 2022



# लोकसाहित्य र बझाङी भाषामा गाउँखाने कथा

विष्णुबहादुर कठायत
उपप्राध्यापक
दुर्गालक्ष्मी बहुमुखी क्याम्पस अत्तरीया, कैलाली
सुदूर पश्चिम विश्वविद्यालय, नेपाल
पिएचडी शोधार्थी
ईमेलः bishnukathayat49@gmail.com

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा बझाङ जिल्लाका लोकसाहित्य र बझाङी भाषाका गाउँखाने कथाका रूपमा लिई त्यसमा विश्लेषण निर्मितका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन गरेर उक्त लोकसाहित्य तथा बझाङी गाउँखाने कथाको विश्लेषण र मूल्याङ्कन गरेर उक्त साहित्यको अर्थ निर्क्योल गरिएको छ । लोकसाहित्य र लोककथामा प्रचलित गाउँखाने कथाको विश्लेषण निर्मितहरू कसरी वितरित भएका छन् र तिनको अन्तर्सम्बन्धबाट उक्त लोकसाहित्यको आशय निर्धारण गर्नु । यस लेखको उद्देश्य हो । यसमा विश्लेषण सामग्री सङ्कलन र विश्लेषण वर्णनात्मक सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी बुँदागत विश्लेषण गरिएको छ । यसमा लोकसाहित्य र बझाङी गाउँखाने कथाका क्रियाकलापहरूको सामग्री सङ्कलन र विश्लेषण तार्किक शृङ्खलाको सुसंयोजन गरी नेपाली लोकसाहित्य र बझाङी गाउँखाने कथाको अध्ययन र सङ्कलित सामग्रीको लिखित दस्तावेजका रूपमा ग्रहण गरिएको छ । नेपाली भाषा र बझाङी भाषामा रहेका गाउँखाने कथाको अस्तित्वको खोजी र लिपिबद्ध गर्नु यस लेखको निष्कर्षको रूपमा लिइएको छ ।

*शब्दकुञ्जी :* लोकसाहित्य, गाउँखाने कथा, लोककथा, बझाङी भाषा, नेपाली भाषा

## विषय परिचय

लोकसाहित्य लोक र साहित्य दुईवटा शब्द मिलेर बनेको एक शब्द हो । लोक शब्द 'लोक्' धातुमा 'अ' (धञ्) प्रत्यय लागेर बनेको हो जसको अर्थ देखिने दुनियाँ अथवा संसार हो । यसअनुसार लोक शब्दद्वारा जनजीवन वा जनसमुदायलाई बुझ्न सकिन्छ । त्यस्तै साहित्य शब्दले पनि लिखित वा अलिखित जुनसुकै जे जस्तै भए पनि भावुक मनुष्य हृदयबाट निःसृत, कोमल तथा निश्चल र सरस अभिव्यक्तिलाई बुझाउँछ तर यहाँ लोक शब्दले गर्दा साहित्य शब्द खासगरी अलिखित मौलिक अभिव्यक्तिसँग सम्बन्धित छ (थापा,२०४१ :४४) । लोकसाहित्यको लोप हुनबाट जोगाउन साहित्यको लिखित तथा सङ्कलन महत्वपूर्ण कार्य मान्न सकिन्छ । यसरी सङ्कलित सामग्रीको विश्लेषण वर्णनात्मक गर्नु वर्तमानको उपलब्धि मानिन्छ ।

लोकसाहित्य भन्नाले लोकले सहजै बुझ्ने सरल र सरस भाषामा भावुक मनुष्यको हृदयबाट निःसृत सुकोमल तथा निश्छल कलात्मक मीठो भाषिक अभिव्यक्ति हो भन्ने बुझिन्छ । लोकसाहित्य समाजबाटै सिर्जित जीवित साहित्य हो । यसले अज्ञात रचनाकारद्वारा समाजका मनोभावनाहरू प्रस्तुत गर्दछ । सामान्य जनजीवनका आँसु, हाँसो, सुख-दुःख, समस्या र वेदना, शोषण र अत्याचार आदिलाई लोकसाहित्यले आफ्नो विषय बनाएको हुन्छ । यिनै सुःख, दुःख, अन्याय, शोषण र अत्याचार लोकले बुझ्ने गरी सरल भाषामा कलात्मक पाराले रङ्ग्याएको हुन्छ । लोकसाहित्यले खेतीपाती, घाँसदाउरा, उकाली ओराली, रोपाइँजस्ता कार्यहरूमा व्यक्तिले अवसर पाउँछ ।

लोकसाहित्य सबैको साझा सम्पत्ति हो । यसले धनी, गरिब, बाहुन, क्षेत्री, वैश्य, कामी, दमाई आदि कसैसित पनि भेदभाव राख्दैन । गाउँसहर, वनजङ्गल, हिमाल, पहाड आदि सबै ठाउँमा

अवस्थित समाजमा मौखिक रूपमा यो विद्यमान रहन्छ । अखण्ड मानव समाजको प्रतीक रूपमा देखिने लोकसाहित्य मानव समाजको यथार्थ चित्र हो । विगत जीवनको इतिहास हो । मानव मुटुको स्पन्दनबाट निस्केको अभिव्यक्ति हो । अन्य साहित्यमा लोकसाहित्यमा जस्तै जीवनको यथार्थ चित्रण पाइँदैन । यसमा जीवनको दुःख, सुख, पिर, मर्का आदिलाई निश्छल, निस्कपट र स्वभाविक ढङ्गबाट गरेको हुन्छ । त्यसैले जीवनयात्राको क्रममा पाइने जुनसुकै प्रकारको पनि लोकानुभूतिको रूप लिंदै जान्छ । मीठो अनि लोभ्याउँदो भाषा र शैलीलाई पक्रेर हृदय छुने बन्दै जनसमाजमा प्रकट हुन्छ । वास्तवमा यस्तै त्यही अभिव्यक्तिको प्रकारलाई लोकसाहित्यको नाम दिन सकिन्छ (थापा, २०४१ :३) । साहित्यको विश्लेषण र सङ्कलन त्यसको सन्दर्भगत आशयको खोजी गर्नु ।

लोकव्यवहारमा लोकहितका निम्ति लोकभाषामा लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्य त्यो हो जसका रङ्गढङ्गको व्याख्या र नियन्त्रण तथा बन्धन कुनै पुस्तकले नगरेको होस् र आफ्नोपन हाँस्य व्यङ्ग्य शब्द, वाक्य र उक्तिहरूले मुक्त होस् (बन्धु, २०५८ :११) ।

लिखित साहित्यका जस्तै लोकसाहित्यका पनि विभिन्न विधा छन्, ती हुन् :

१. लोकगीत
२. लोकगाथा
३. लोककथा
४. लोकनाटक ।
५.गाउँखाने कथा
६.उखान टुक्का
७. विविध

यस लेखको मुख्य विषय लोकसाहित्य र बझाङी भाषाको गाउँखाने कथाको अध्ययन भएकोले यहाँ लोकसाहित्यका अन्य विधाको चर्चा नगरी गाउँखाने कथाकै परिचय दिई सैद्धान्तिक आधारमा तिनको वर्गीकरण गर्ने काम भएको छ ।

गाउँखाने कथा समाजबाटै सिर्जित एउटा रोचक विषय हो । जीवनमा सुख-दुःखका क्षणमा आफ्नो इच्छापूर्ति तथा मनोरञ्जन गर्न यिनै कथाहरूको सहारा लिइन्छ । परिश्रम गर्ने मानिसहरू आफ्नो दैनिक कार्य समाप्त गरेर थकित भएको अवस्थामा, फुर्सदको बेला बसिवियाँलो गर्दा रमाइला कुराकानी गरेर मनोरञ्जन गर्दछन् । साँझपख घरका अगेनो तथा चौरमा मानिसहरू जम्मा भएर हस्सी-रमाइलोका साथ कुराकानी मै अड्का हाल्ने र फुकाउने चलन मानवसमाजमा प्राचीन कालदेखि हुँदै आएको छ । यसमा कुरा बङ्ग्याएर हुन्छ कि मर्काएर, घुमाएर हुन्छ कि टेढाएर जसरी भए पनि मानिसलाई रनभूल्ल पार्ने काम हुन्छ । यही घुमाइफिराई बौद्धिक कसरत गरी गाउँखाने कथाको रचना भई त्यो लोक जनजीवनमा जीवित रहेको छ ।

गाउँखाने कथामा यसको नामअनुसार कथा पाइँदैन । कथाको अत्यन्त सूक्ष्म बिन्दु वा पातलो सङ्केतमात्र यहाँ पाइन्छ । यो संगीतमय र मनमोहक पनि हुँदैन । यसमा बौद्धिक कसरत बढी हुन्छ । वक्ताले श्रोतालाई प्रश्न गरी उत्तरको आशा राख्दछन् । उत्तर दिन नसकेमा केही चिज/वस्तु दिन्छन् अनि उत्तर बताई दिन्छन (पराजुली,२०३९ : १७४) ।

गाउँखाने कथा विभिन्न भाषामा वा भाषामा विभिन्न नामले पुकारिएको पाइन्छ । नेपाली भाषामा यसलाई प्रसङ्गस अड्का हाल्नु, भ्याग थाप्नु भनिन्छ । नेपालको सुदूरपश्चिम र कर्णाली प्रदेशमा साइतर वा सातर भनिन्छ । जुम्लातिर यसलाई कचौरा भनिन्छ । बझाङतिर राउन्याबात वा बातहाल्नु भनिन्छ । भाषाको क्षेत्रमा पनि विभिन्न नामले पुकारिएको छ । संस्कृत भाषामा प्रहेलिका र अवधि भाषामा बुझौअल भनिन्छ (रोहतगी, सन् १९७१ : १०३) ।

Type text here



**गाउँखाने कथाको परिभाषा**

गाउँखाने कथा लोकजीवनको शोभा हो । सबैको साझा सम्पत्ति हो । यो अलिखित परम्परामा आधारित भएर पनि रूखको जराजस्तै युगानुसार पलाइरहेको छ । गाउँखाने कथा लोकसाहित्यको महत्वपूर्ण अङ्ग हो । यसलाई विभिन्न विद्वान्ले विभिन्न किसिमबाट परिभाषित गरेका छन् ।

भारतीय विद्वान् डा. कुन्दनलाल उप्रेती "यसमा मानिसको चित्रण र विश्लेषण छिपेको हुन्छ" भन्दछन् भने अर्का विद्वान् डा. सत्येन्द्रले "पहेली यथार्थमा कुनै वस्तुको वर्णन हो । त्यस वर्णनमा अप्राकृतद्वारा प्रकृतिको सङ्कत हुन्छ" भनेका छन् (उप्रेती, २०३४ : १४१) । यस सम्बन्धमा सरोजनी रोहतगीको भनाई चाहिँ यस्तो छ, "गाउँखाने कथा विशेष कला हो, जसद्वारा बौद्धिक स्वरूप चम्कन्छ र त्यसमा एक प्रकारको तिव्रता आउँछ । यो सोद्देश्य रचना हो । त्यसको सम्बन्ध बुद्धिको समाहार शक्तिसँग छ ।" नेपाली भाषा र भाषामा गाउँखाने कथा थोरै सङ्कलित भए तापनि यसको व्याख्या र परिभाषा गरिएको त्यति पाइन्न । भाषाशास्त्री महानन्द सापकोटाले यसलाई अड्को लाउने वा जान्ने कथा भनी अर्थ्याएका छन् ।

नेपाली लोकसाहित्यका सङ्कलन सत्यमोहन जोशीले गाउँखाने कथाका बारेमा भनेका छन्- "यसमा गाउँघरे मानिसको हृदयको उद्गारमा तिखारिएको बुद्धिको देन पनि देखापर्दछ । जुन मामुली भए पनि अर्थपूर्ण हुन्छ र समस्यापूर्तिको रूपमा प्रश्न बनेर सबैका सामुन्ने खडा हुन्छ (जोशी, २०३४ : १६) ।

गाउँखाने कथाको उत्पत्ति कसरी भयो भन्नेबारेमा के भन्न सकिन्छ भने मानवले आफ्नो जीवन यात्राको क्रममा बटुलेका तितामीठा अनुभव लोकजीवनका सुख-दुःख र आँसु-हाँसोबाट गाउँखाने कथाको जन्म भएको हो । गाउँघरमा साँझपख दिनभरिको परिश्रमबाट थकित भई बसिवियाँलो गर्दा एक आपसमा हाँसी रमाइलोका साथ एकले अर्कालाई अड्का हाल्ने र फुकाउने प्रचलन पाइन्छ । गाउँखाने कथाको रचना गाउँघरकै आँगन, पिंढी, मझेरी, अगेनोको डिल, खेत खोलो आदिमा बसेर भएको हो । मान्छेले आफ्नो अनुभव बटुल्न वा सञ्चालन गर्न थालेपछि गाउँखाने कथाको प्रचलन भएको अनुभव हुन्छ ।

गाउँखाने कथाको उत्पत्तिका सम्बन्धमा विद्वान्हरूको आ-आफ्नै मत रहेको छ । संस्कृत भाषाका आचार्यहरूले गाउँखाने कथाको उद्भवश्रोत रागात्मक पक्ष हो भनेका छन् । किनकि श्रृङ्गार हास्यरसको मूलमा रागात्मक भावना लुकिछिपी बसेको पाइन्छ (थापा र सुवेदी, २०४१ : ४४१) ।अर्का विद्वान् फ्रेजरको गाउँखाने कथाको उत्पत्तिका सम्बन्धमा यस्तो अनुभव छ- "जव कुनै कारणले वक्तालाई कुनै कुरा स्पष्ट रूपमा असजिलो पर्‍यो होला यसको उदय पनि त्यसै समयमा भयो होला" (पराजुली, २० : १७८) ।

गाउँखाने कथाको परम्परा निकै पुरानो देखिन्छ । विद्वान्ले यसको सत्ता अपौरुषेय वेदमा थियो भन्ने देखाएका छन् । राम नरेश त्रिपाठीले ऋग्वेदलाई गाउँखाने कथाको वेद भनेका छन् । डा. सत्येन्द्रले पनि गाउँखाने कथालाई अश्वमेघ यज्ञको अनुष्ठानको रूपमा स्वीकारेका छन् । संस्कृत भाषामा गाउँखाने कथालाई प्रहेलिका भनिन्छ । त्यसताक यस प्रहेलिकालाई ब्रह्मोदय भनिन्थ्यो । अश्वको बली हुनुभन्दा पूर्व होतृ तथा ब्राह्मण ब्रह्मदय सोध्ने वा बुझाउने गर्दथे । संस्कृतमा यो २ श्रेणीमा विभाजित गरिएको छ । अन्तर्लापिका र बर्हिलापिका । तिनमा कुनैमा प्रश्न गरी उत्तर पाइन्छ भने कुनैमा श्लोकद्वारा प्रश्नभित्रै उत्तर दिइन्छ । प्रश्नभित्रैबाट उत्तर निकालिनेलाई अर्न्तलापिका र बाहिरबाट उत्तर खोज्नु पर्नेलाई बहिर्लापिका भनिन्छ । वेदमा केही ऋचामा यो रूप प्राप्त हुन्छ र विद्वान्हरूले यसलाई पहेली मानेका छन् । यसरी गाउँखाने कथाको

आदिम स्वरूप वेदमा भेटिन्छ भन्ने विद्वान्हरूको भनाइ छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने गाउँखाने कथाको उत्पत्ति र प्रचलन वेदबाट भएको हो भनी मान्न सकिन्छ ।

**बझाडी गाउँखाने कथाको परिचय**

गाउँखाने कथा निश्चित परिवेशमा जन्मिएको र आफ्नै सेरोफेरोमा प्रयोग भई हुर्केको हुन्छ । मानिसले अनुभूति र कल्पनाका सुनौला पङ्ख फट्फटाउँदै लोक जीन्दगीमा गाउँछन्, नाँच्छन्, खेल्छन् र रमाइलो गर्दछन् । गाउँखाने कथा भनेको यसैको रमाइलो रूप हो । गाउँखाने कथामा लोकका रमाइला उद्गार रहेका हुन्छन् । जसले मानिसलाई मनोरञ्जन प्रदान गर्दछ । बझाङ लोकसंस्कृतिको धनी भएकोले यस क्षेत्रका लोकसाहित्यका भाका र सुस्केरा औधी राम्रा र चाख लाग्दा छन् । यहाँका मानिसहरू यी लोकभाका र सुस्केराहरूलाई अत्यन्त रूचीका साथमा सुसेल्छन् । आफ्नै मनका सुख-दुःख, पिर-मर्का, व्यथा-बेदना र छट्पटिलाई बिर्साउन यस्तै अनेक प्रकारका लोकसाहित्यिक भाकाहरू गुन्जाउँछन् । यहाँको सांस्कृतिक मूल्य र मान्यता तथा जनजीवनको वस्तुस्थितिलाई चिनाउनमा लोकसाहित्यले महत्वपूर्ण भूमिका खेलेको छ ।

बझाडी समाजमा गाउँखाने कथाको महत्तवपूर्ण स्थान छ । गाउँखाने कथाले लोकजीवनलाई रसमय बनाउने काम गरेको छ । यहाँ सामाजिक, सांस्कृतिक र भाषिक दृष्टिले यसको महत्व छ । गाउँखाने कथा लोकजीवनको अङ्ग हुनुको साथै मनोरञ्जनको साधन पनि हो । बझाडी लोकसाहित्यको शोभा हो । यस जिल्लामा प्रचलित गाउँखाने कथाहरू लोकसाहित्यका अमूल्य ढुकुटी हुन् । यहाँकामानिसहरू गाउँखाने कथा सुनेर आनन्दित हुन्छन् । गाउँखाने कथाको महत्तव वक्ता र श्रोताका बिचमा रहने गर्दछ । वक्ता र श्रोता नभएमा यसको प्रयोजन हुँदैन । गाउँखाने कथाहरू खासगरी मनोरञ्जन प्राप्तिका लागि भन्ने र सुन्ने गरिन्छ ।

गाउँखाने कथाभन्दा र सुन्दा मानिसलाई आनन्द र मनोरञ्जनमात्र नभई आफ्ना पिर-मर्का, वेदना बिर्सिन्छन् । बझाडी समाजमा गाउँखाने कथाले उपदेश दिई मार्ग निर्देशन गर्ने काम गरेको छ । यहाँ खासगरी यी गाउँखाने कथालाई बूढाबुढीले स-साना केटाकेटीको बुद्धि परीक्षणका लागि सोध्ने गरेको पाइन्छ । उमेर मिलेका युवा-युवती बिचमा पनि यो ज्यादै लोकप्रिय भएको छ । यहाँ विभिन्न समुदायमा फुर्सदको बेलामा समय बिताउन, मनोरञ्जन गर्नाका लागि किस्सा भनेर बौद्धिक कसरत गर्ने, प्रश्नोत्तरका माध्यमबाट बुद्धिको परीक्षण गर्ने र व्यक्तित्व परीक्षण गर्ने जस्ता कार्यहरू परम्परादेखि हालसम्म चल्दै आएका छन् । यसरी नै यहाँका गाउँखाने कथाको विकास भएको छ ।

बझाडी समाजमा गाउँखाने कथालाई राउन्या बात अथवा बातहाल्नु भन्ने गर्दछन् । यहाँका धेरैजसो मानिसहरू कृषिमा आधारित छन् । मुख्य पेसा कृषि हुनाले दिनभर खेतीपातीको काम गर्ने, घाँस, दाउरा, गोठालो लाग्ने र मेलापात गर्ने आदि जस्ता कार्य गर्नाले थकित भएका हुन्छन् । बेलुकापख धेरैजसो मानिस एक ठाउँमा जम्मा भई आराम गर्ने र एकजना मानिसले गाउँखाने कथा भन्ने र अरू सबै मानिसले राम्रोसँग सुन्ने गर्छन् । यतिबेला गाउँखाने कथा भन्ने मानिस जोडसँग बोल्छ । केटाकेटी र अन्य मानिसहरू चाख मानि-मानि सुन्ने गर्छन् । गाउँखाने कथा यस्ता प्रकारले भन्ने गर्दछन् :

नान्नानि मुलाइका पेट भरि लाउन क्या हो ?
खुसानी (खुर्सानी)
तिन भाजाको एउटै पगडि ।
अदान (ओदान)
नान्नानि मुलाइका हातभरि चुणि क्या हो ?
कुच्ची/झांडु (कुच्चो)

यस्ता प्रकारका गाउँखाने कथा भन्दै त्यहाँ बसेका मानिसहरूबाट टाउको हल्लाउँदै उत्तर माग्छन् । उत्तर दिने मानिसहरू सोचेर उत्तर दिने कार्यमा व्यस्त हुन्छन् । यदि उत्तर नदिएमा वा दिन नसकेमा राम्रो गाउँ, राम्रो सहर, राम्रो देश र राम्रो चिजवस्तुहरू सबै प्रश्न सोध्ने व्यक्तिलाई दिनु पर्छ र उत्तर दिन नसक्नेले नराम्रो गाउँ, नराम्रो सहर, नराम्रो देश र नराम्रो चिजवस्तुहरू सबै आफूले लिनु पर्छ । अनि प्रश्न सोध्नेले सजिलैसँग उत्तर दिन्छ । यसरी कथा भन्दै अर्थ फुकाउँदै जाने चलन रहेको छ । यसबेला मानिसहरू आनन्दित भई रमाइलो मान्दै अगाडि बढ्दै जान्छन् ।

यसरी अन्तमा प्रश्न सोध्नेको सबै उत्तर दिएमा प्रश्न सोध्नेको हार र उत्तर नदिएमा प्रश्न सोध्नेको जीत भएको घोषणा गरिन्छ । यस्ता कार्यहरू बढीजसो हिउँदका महिनामा गर्ने गरिन्छ । यतिबेला रात पनि लामा हुन्छन् । विपन्न वर्गका मानिससँग लुगाकपडाको पनि कमी हुन्छ । आगो सेक्दै गफ गर्दै रात काट्दछन् । यसरी यी गाउँखाने कथाहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भई हालसम्म पनि यो कार्य कायम नै रहेको छ ।

यहाँ यी गाउँखाने कथाले मनोरञ्जन दिनुका साथै मानिसले केही समयका लागि दुःख-कष्ट, पिर-मर्का, रिस-ईर्ष्या जस्ता कार्य बिर्साइ दिइएको छ । गाउँखाने कथा गाउँकै मानिससँग बसेर भन्नु पर्ने भएकोले झै-झगडा भएका मानिसमा पनि मेलमिलापको वातावरण सिर्जना भएको छ । यी गाउँखाने कथाले बौद्धिक र तार्किक शक्तिलाई समेत बढाई दिने काम गरेको छ ।

उपयुक्त उद्देश्यहरूको समुचित मूल्याङ्कन गर्नका निम्ति लोकसाहित्य र गाउँखाने कथाको विश्लेषण र मूल्याङ्कन आवश्यक पर्छ । अतः प्रस्तुत लेखमा लोकसाहित्य र गाउँखाने कथाको विश्लेषणमा प्रचलित आधारलाई अवलम्बन गरेर लोकसाहित्य र बझाङी गाउँखाने कथामा प्रयुक्त साहित्यको पहिचान र विश्लेषणबाट उपयुक्त निष्कर्ष निकालिएको छ ।

## गाउँखाने कथाको विशेषता

नेपाली लोकसाहित्यका क्षेत्रमा गाउँखाने कथा रमाइलो विषय भएकोले लोकजीवनले यसलाई मनोरञ्जनको साधन बनाएको छ । अहिलेको तनावयुक्त वातावरणमा गाउँखाने कथाले अलौकिक आनन्द प्राप्त गर्दछ । यस कथामा आफ्नै प्रकारको चोखोपन र मिठास पाइने भएकाले यसलाई केटाकेटीदेखि बूढाबुढीसम्म सबैले मनपराएको हुन्छ । कुनै वस्तुलाई सङ्केत गरी कुशलतापूर्वक ट्वाक्क उत्तर मिल्नु यसको निजी विशेषता हो । यसले बुद्धि तिव्र पार्नुका साथै हाजिरीजवाफ प्रतियोगिताका निम्ति चनाखो र पोख्त बनाउँछ ।

गाउँखाने कथाले जीवनका विभिन्न पक्षमा गुण र रहरलाई खोतल्दै लोक जनजीवनलाई रसमय बनाई मनोरञ्जन प्रदान गराउँछ । गाउँखाने कथा लोकजीवनको आफ्नै प्रिय वस्तु हो र यसले नेपाली लोकजीवनमा आफ्नै किसिमको ठाउँ लिइएको छ ।

नेपाली गाउँखाने कथाका विशेषतालाई निम्नलिखित बुँदाद्वारा चिनाउन सकिन्छ (पराजुली, २०३९ : १९१)

| | |
|---|---|
| १. मनोरञ्जन | २. खिरिलोपन |
| ३. बौद्धिकता | ३. प्रतिकात्मकता |

### १. मनोरञ्जन

गाउँखाने कथाले दिनभरिको परिश्रमबाट थकित भएका मान्छेलाई कलात्मक पाराले आनन्द प्राप्त गराउने हुनाले मनोरञ्जन गाउँखाने कथाको प्रमुख विशेषता हो । एउटाले अर्कालाई प्रश्न गर्दा अर्काले उत्तर दिएमा उसले आफूलाई नौलो अनुभव भएको ठानी आनन्दित हुन्छ । गाउँखाने कथा घुमाउरो पाराले भनी श्रोतालाई अड्काउँदा उत्तर श्रोताले दिन नसकेमा अझ फेरि व्यङ्ग्य

गरिंदा यो अझै मनोरञ्जक हुन्छ, जस्तै- बिहानै उठी छोरीलाई ढोकदिने । (छकालै बिऊँझी चेलिखि ढोकदिनी) (गाग्रो र लोटा) । लयात्मक पारामा गाउँखाने कथा भन्दा अझै आनन्द आउँछ ।

**२. खिरिलोपन**

गाउँखाने कथाको यो अर्को विशेषता हो । गाउँखाने कथा एकै बसाइँमा धेरै पढ्न र सुन्न सकिन्छ । यिनी साना आकारका भएर पनि परिपुष्ट र खँदिला हुन्छन् । वस्तुपरक प्रश्नजस्ता हुने हुनाले यसमा बढी बुद्धि खियाउनु पर्छ । अनुप्रासको छटा र लयात्मकता पाइँने भएकाले गाउँखाने कथा अझ मीठो र छरितो हुन्छ । एकै शब्दमा उत्तरको चाहाना राख्नु यसको निजी विशेषता हो, जस्तै- (सुरिलो रूखमा खिरिलो पात, आए जन्ती खातैखात) (केरा) ।

**३. बौद्धिकता**

मानव बौद्धिक प्राणी हो । आफ्नो समय व्यतित गर्नाका निम्ति मनोरञ्जनका अन्य साधन उपलब्ध नभए एक व्यक्तिले अर्कोको बुद्धि परीक्षण गर्ने काम यिनै गाउँखाने कथाको माध्यमबाट गरिन्छ । हाजिरीजवाफमा जस्तै गाउँखाने कथामा उत्तर पाउने आसा राखिन्छ । गाउँखाने कथा रहस्यात्मक हुन्छ । यिनका रहस्य खोतल्ना बौद्धिकता तिखार्नु पर्ने हुन्छ । यसबाट व्यक्तिको सोच्ने र विचार गर्ने शक्तिमा तिव्रता आउँछ, जस्तै- तीन मान्छे उनन्तीस आँखा (ब्रह्मा, शुक्राचार्य र रावण) ।

**४. प्रतिकात्मकता**

गाउँखाने कथाको मूल आधार प्रस्तुतबाट अप्रस्तुत तर्फको सङ्केत हो । यसमा कथालाई घुमाइफिराई भन्ने हुनाले सोझो उत्तर हुँदैन । गाउँखाने कथाको उत्तर दिनका निम्ति बुद्धि तिखार्नु पर्ने हुन्छ । अनुमानित उत्तरका भरमा नरहेर प्रतिकात्मक उत्तर उभ्याउनु यसको विशेषता हो । प्रकृतिका र मानवका विभिन्न पक्षहरू र हामीले जीवनमा भोगेका, देखेका र सुनेका कुराहरूलाई यसले प्रतीकको माध्यमबाट नै अभिव्यक्त गरिन्छ । यसरी लोकजीवनले अनुभव गरेका प्रत्येक वस्तुलाई प्रतीकको माध्यमबाट व्यक्त गर्नु गाउँखाने कथाको निजी विशेषता रहेको छ, जस्तै- सानो-सानो दह सिन्का परे नसह (आँखा) ।

## गाउँखाने कथाको वर्गीकरण

नेपाली लोकसाहित्यमा गाउँखाने कथा अमूल्य ज्ञानको ढुकुटी हो । यो एउटा लोकजीवनलाई मनोरञ्जन तथा बौद्धिक खुराक दिने साधन हो । प्राचीनकालदेखि मौलाउँदै आएको गाउँखाने कथाले जीवनका तथा प्रकृतिका विभिन्न पक्षलाई आत्मसात गरेको छ । गाउँखाने कथाद्वारा मानवको रहन-सहन, रीतिस्थिति, मूल्यमान्यता आदर्श र त्यहाँको प्राकृतिक अवस्था एवम् वातावरणको अध्ययन गर्न सकिन्छ । गाउँखाने कथामा शब्दको चमत्कार र भावको गहनता पाइन्छ । यही भावको गहनता र शब्द चमत्कारले गर्दा गाउँखाने कथाको उत्तर दिन कठीनाई हुन्छ ।

गाउँखाने कथालाई रूपात्मक र विषयात्मक गरी २ भागका आधारमा वर्गीकरण गर्न सकिन्छ । रूपात्मक वर्गीकरण वनोटका दृष्टिले हुनसक्छ । त्यसअनुसार गाउँखाने कथाको अध्ययन शब्द संयोजन, रूप, लय, अनुप्रास आदि भाषिक आधारमा गर्ने प्रयत्न गरिन्छ । विषयवस्तुका आधारमा गरिने वर्गीकरणले भने सामाजिक सांस्कृतिक, आर्थिक, धार्मिक आदि विषयलाई केन्द्रबिन्दु बनाइन्छ र यसै आधारमा यसलाई हेरिन्छ (पराजुली, २०३९ : १९४) ।

**नेपाली गाउँ खाने कथाको वर्गीकरणका केही आधार**

गाउँखाने कथाको वर्गीकरणको मुख्य आधार यसका रूप र विषय हुन् । यसको रूपात्मक वर्गीकरण संचरनात्मक दृष्टिले गरिन्छ । यसमा विशेष त गाउँखाने कथाका निर्माण तत्वमा पाइने गध्यात्मक वा लयात्मक शब्दको संयोजन अनुप्रासको छटा, शिल्पगत कौशल आदिलाई आधार

बनाइन्छ पराजुली, २०३९ : १९५) धेरैजसो गाउँखाने कथाहरूमा लय तथा शब्दको संयोजन बढी रमाइलो सित भएको हुन्छ । गाउँखाने कथाले यिनै विभिन्न माध्यमबाट आफ्नै स्वरूप लिन्छ र प्रस्तुतद्वारा अप्रस्तुत उत्तरको अपेक्षा गर्छ ।

गाउँखाने कथाले पूर्ण वाक्य वा वाक्यांश वा पदावलीको रूप लिएका हुन्छन् । यस्तै साधारण रूपका र लय वा अनुप्रासयुक्त हुनाका साथै गीतिरूप लिएका विशिष्ट गाउँखाने कथा पनि पाइन्छन् । प्रश्नमूलक हुनु यसको स्वभाव नै हो ।

यसरी हेर्दा गाउँखाने कथाका संरचनात्मक रूपमा आधारित वर्ग निम्नलिखित किसिमका देखापर्दछन् (पराजुली, २०३९ : १९५) ।

१. वाक्यात्मक गाउँखाने कथा
   मुन्टामा छ ज्वाला पुच्छरमा छ आहारा (दियो) ।
२. पदावलीमा आधारित गाउँखाने कथा
   जोइपोइको एउटै आँखा (ढोका)
३. अनुप्रासयुक्त गाउँखाने कथा
   अड्काम पड्काम तेराबाबुको टुपी पड्काम (जुँगा)
४. लयात्मक गाउँखाने कथा
   अलङ्गी रानी पलङमा सुत्छे, सुर्जेलाई देख्दा लुपुक्क लुक्छे (शीत)
५. उपमानमूलक गाउँखाने कथा
   आँखाजस्तो छ आँखा होइन, पंखा जस्तो छ पंखा होइन (मयूरको प्वाँख)
६. प्रश्नात्मक गाउँखाने कथा
   भन्दाखेरी छ मात्रै गन्न लागे सात, पढ्दा लेख्दा काम लाग्ने के हो त्यसको जात (छ अक्षर)

**नेपाली गाउँखाने कथाको विषयगत वर्गीकरण**

नेपाली लोकसाहित्यको अभिन्न अङ्ग गाउँखाने कथा हो । यसमा बौद्धिकता, तार्किकता र मनोरञ्जन जस्ता विशेषता पाइन्छन् । कुनै पनि अभिव्यक्तिको मूलप्राप्ति विषयमा नै गएर टुङ्गिने भएकाले गाउँखाने कथाको वर्गीकरण पनि विषयकै आधारमा गर्नु बढी वाञ्छनीय देखिन्छ ।

गाउँखाने कथालाई समेट्ने खास विशेष त वर्गीकरणले गर्दछ । कुनै एउटा कुरालाई सङ्केत गर्न विभिन्न प्रकारका गाउँखाने कथा प्रस्तुत भएको पाइन्छ । तिनको उत्तर जे भए पनि कथनढाँचा फरक-फरक हुन जान्छन् । यस कारणले गाउँखाने कथाको ढुकुटीमा वृद्धि हुन्छ । उदाहरणका लागि तारालाई जनाउन आउने गाउँखाने कथाका विभिन्न रूप यी हुन् (पराजुली, २०३९ : १९८) ।

१. अरूबेला धेखिने सूर्य आय नदेखिने ।
२. कालाकाला पिर्का माथि जन्तीबसेका भोलिपल्ट हेर्दाखेरी उठी गएका ।
३. गइरो पोखरीमा सुनका माछा ।
४. ठूलो गराको कपास टिप्न नसकिने ।
५. ठूलो चौडमा कनिका छडेका ।
६. ठूलो थालमा विस्कुन सुकाएको ।
७. थालभरि अक्षता गनिसक्नु बेपत्ता ।
८. निलो दहमा सेतो फूल ।
९. मैदानभरि कनिका छडेका ।
१०. थालभरिका तितौरा खाई नसक्नु ।

गाउँखाने कथाको क्षेत्र व्यापक भएकोले यसको प्रस्तुतिका लागि थुप्रै विषयवस्तु छन् तापनि खास-खास पक्षका आधारमा यसको वर्गीकरण निम्नलिखित आठ भागमा गर्न सकिन्छ :

| | |
|---|---|
| १. घरेलु जीवनसम्बन्धी | २. शरीरसम्बन्धी |
| ३. प्रकृतिगत्‌सम्बन्धी | ४. कृषि व्यवसायसम्बन्धी |
| ५. सामाजिक विषयसम्बन्धी | ६. आर्थिक विषयसम्बन्धी |
| ७. संस्कृति विषयसम्बन्धी | ८. विविध विषयसम्बन्धी |

*१. घरेलु जीवनसम्बन्धी*

घरेलुजीवन सम्बन्धी थुप्रै प्रकारका नेपाली गाउँखाने कथाहरू भेट्टाइन्छन् । दैनिक व्यवहारमा प्रयोग हुने र आवश्यक पर्ने साना-ठूला वस्तुदेखि विभिन्न खानेकुरा तथा खेलौनासम्मका सबै गाउँखाने कथालाई यसैमा समेट्न सकिन्छ । यसरी घर, झ्याल, ढोका, खाट, लुगा, पञ्जा, काइयो, आगो, बत्ती, सियो, छाता, पन्यू, गाग्रो, लोहटा, कलस, बाकस आदिका गाउँखाने कथा बनेका देखिन्छन्, जस्तै :

१. एकमुठी खर घुमाउने घर (छाता) ।
२. बिहानै उठेर ढुङ्ग्रामा हात (लुगा लगाएको) ।
३. हाम्रो घरकी सानी नानी रनबन डुल्ने बानी (काइँयो) ।

*२. शरीरसम्बन्धी*

धेरैजसो नेपाली गाउँखाने कथा अङ्गप्रत्यङ्ग, इन्द्रियहरू-तथा शारीरिक क्रियाशील सम्बन्धित छन् । त्यस्ताशरीर सम्बन्धी गाउँखाने कथामा आँखा, नाक, मुख, जिब्रो, दाँत, ओठ, हात, गोडा, औंला, नङ आदिका गाउँखाने कथा बढी प्रचलित छन्, जस्तै :

१. चिचिमाथिको पापा (नङ) ।
२. दुईतिर खोल्सो माझमा डाँडो (नाक) ।
३. त भन्दा नछोइने म भन्दा छोइने (ओठ)

*३. प्रकृति जगत्‌सम्बन्धी*

प्रकृति जगत् र लोकजीवन एक-आपसमा आन्योन्याश्रित छन् । लोकजीवनका सुख-दु:खको साथी प्रकृति नै हो । प्रकृतिबिना मान्छे बाँच्न सक्दैन । यसैभित्र धर्ती, आकाश, घाम, जून, तारा, हिमाल, फलफूल र कन्दमूल आदि पर्दछन् ।

नेपाली गाउँखाने कथा विभिन्न जीवजन्तु तथा पशुपन्छीसम्बन्धी लेखिएका पाइन्छन् । तिनमा विशेष गरी गाई, गोरु, हात्ती, घोडा तथा कोइली, मयुर, कुखुरा आदिका गाउँखाने कथा भेटिन्छन् । फलफूलसम्बन्धी गाउँखाने कथामा चाहिँ अमला, अम्बा, ऐसेलु, दारिम, भुइँकटहर आदि पर्दछन्, जस्तै :

१. ताउलो पाक्छ चामल पाक्दैन (अम्बा) ।
२. कुद्‌न सक्छ, हिंड्‌न सक्दैन (खोलो) ।
३. सुरिलो रूखमा सिन्का जत्रा पात (सल्लोको रूख) ।

*४. कृषि व्यवसायसम्बन्धी*

नेपाल कृषिप्रधान देश हो । कृषिमा साधानसम्बन्धी र खेतवारी तथा उब्जनीसम्बन्धी कथा अझ बेसी पाइन्छन् । खासगरेर उब्जनीसम्बन्धी धान, मकै, गहुँ, तिल, खुर्सानी; साधनमा हलो, कोदालो, डोको, नाम्लो आदि विषयका गाउँखाने कथा प्रशस्त मात्रामा पाइन्छन्, जस्तै :

१. बाहिर सुन भित्र चाँदी (केरा) ।
२. फेदकाटे मर्ने, टुप्पोकाटे सार्ने (ऊखु) ।
३. सर्र फुकुटी झिकेपछि सुकुटी (जाल) ।

*५. सामाजिक विषयसम्बन्धी*

मानव र समाजको एकआपसमा अन्योन्याश्रित सम्बन्ध छ । मान्छे सामाजिक बौद्धिक प्राणी भएकोले समाजबिना बाँच्न सक्दैन भने मानवबिना समाजको पनि कल्पना गर्न सकिँदैन । मानवले समाजका यावत् क्रियाकलाप तथा व्यवहारिक पक्षलाई अपनाउनै जानु पर्छ । यिनै मूल्य, मान्यता, आदर्श तथा विभिन्न सामाजिक क्रियाकलाप तथा व्यवहारिक पक्षलाई गाउँखाने कथाले राम्रोसित चिनाएको हुन्छ । नेपाली गाउँखाने कथाले लोकजीवनलाई नीतिचेतना सिकाएको हुन्छ । यसैगरी नेपाली जनमानसमा व्याप्त दुःख, पीरव्यथा तथा घरेलु वस्तुदेखि सामाजिक जीवनसम्मका सन्दर्भलाई  प्रतिकात्मक ढङ्गले अभिव्यक्ति गरेको पाइन्छ, जस्तै :

१. वल्ला घरको नरे पल्ला घर सरे (आग्लो लाएको) ।

२. आउँछ जान्छ पर्खदैन, कसैसँग पनि थर्कदैन (समय)

३. बाहिर बोकडो भित्तर खोकडो (भकुण्डो) ।

*६. आर्थिक विषय सम्बन्धी*

नेपाल एउटा गरिब देश हो । नेपालीहरू पैसाको अभावले पीडित छन् । पैसा आर्जन गर्नका निम्ति नेपालीहरूले घामपानी हुरीबतास सहनु पर्छ । ग्रामीण नेपाली नारीहरूले डोकोनाम्लो, घाँसदाउरा अन्य भारी नबोकी सुखै छैन । यिनै नेपाली लोकजीवनका विभिन्न दैनिक क्रियाकलापहरूलाई गाउँखाने कथाले प्रतीकात्मक ढङ्गबाट चिनाएको छ । ग्रामीण क्षेत्रमा नारीले गरेको परिश्रमलाई यी कथाद्वारा देख्न सकिन्छ । धनले मान्छेलाई बोलाउँछ । घनको पखेटा हुन्छ भन्ने उखान छन् । यही घनलाई गाउँखाने कथाको माध्यमबाट बुझ्न सकिन्छ, जस्तै :

१. मूलाका चाना मोतिका दाना यो घर नभएर अर्काकहाँ जाना (पैसा) ।

२. झनपर झान्छे झन आँखा ताडछे (डोको) ।

*७. संस्कृति विषय सम्बन्धी*

संस्कृति भनेको परम्परागत मूल्य, मान्यता र आदर्शलाई यथावत् रूपमा अपनाउनु हो । समाजमा व्यक्तिले रहेर आफ्नो संस्कृतिलाई नमान्नु असामाजिक हुनु हो । मानिसले आफ्ना सुख-दुःखका अनेक क्षणमा एकछिन बसिबियाँलो गर्दा मनोरञ्जन गर्दछन् भने वर्ष दिनपछि आउने चाडपर्वहरू चुपचाप रहेर बस्न सक्दैनन् । फाल्गुणमा होली खेल्दै नाँच्नै पर्छ । दशैंको बेला दिदीबहिनीबाट टिका लगाई सिमलको रूख वा वरको रूखमा पिङ खेल्नै पर्छ, मादल घन्काउनु पर्छ । चाडपर्वमा एकछाक खान नपुग्नेले पनि ऋण लिई लुगा किनेर लगाउनै पर्छ । यी विभिन्न कुरा मान्छेले प्राप्त गरेपछि आनन्दित भई आफ्नो जीवनमा रस आएको अनुभूति गर्दछन्, जस्तै :

१. अचम्मकी रानी आगोमा परी, पुच्छरले पानी खाँदै ऐया-ऐया गरी (दियो) ।

२. बाहिर बोक्रो भित्र खोक्रो गालामा छ लाली त्यो गालामा थप्पड दिंदा बज्छ मीठो ताली (मादल) ।

*८. विविध विषय सम्बन्धी*

माथिका विभाजनअन्तर्गत नपरेका गाउँखाने कथाहरू यस विविध विषयअन्तर्गत पर्दछन् । यी बचेका विविध गाउँखाने कथालाई यसैभित्र गाभिएको छ । खेलवाड, गानबजान, हातहतियार आदि गाउँखाने कथालाई विविधभित्र समेटिन्छ, जस्तै :

**खेलवाडसम्बन्धी**

आइबूढी मच्चीदै गई बूढी थच्चिदै (पिङ) ।

**गानबजानसम्बन्धी**

पुतली चरी गीत गाउँदै झरी (सनाई)

**हात हतियारसम्बन्धी**

आफू मुढो डाँको बडो (बन्दुक)।

**बभ्फाङी गाउँखाने कथाको वर्गीकरण।**

बभ्फाङी गाउँखाने कथाको वर्गीकरण रूपात्मक पक्ष र विषयात्मक पक्षका आधारमा गर्न सकिन्छ। रूपात्मक पक्षका दृष्टिले बभ्फाङी गाउँखाने कथा वाक्यात्मक, अनुप्रासात्मक, लयात्मक, उपमानमूलक र प्रश्नमूलक जस्ता वर्गमा वर्गीकृत हुन सक्छन् भने विषयका दृष्टिले खेतीपाती, प्राणीसम्बन्धी, प्रकृतिसम्बन्धी, समाजसम्बन्धी, संस्कृतिसम्बन्धी आदि जस्ता विभिन्न वर्गमा वर्गीकृत गर्न सकिन्छ।

उपर्युक्त दुई आधारमध्ये रूपपक्षको आधार अगाली बभ्फाङी गाउँखाने कथाको वर्गीकरण गर्नु हाललाई सम्भव नठानिएकोले यहाँ विषयगत आधारमा बभ्फाङी गाउँखाने कथाको वर्गीकरण गरिएको छ।

*१. खेतीपाती तथा खाद्यान्न सम्बन्धी*

नेपाल कृषि प्रदान देश हो। यहाँका ८१% मानिसहरू कृषिमा आधारित छन्। खेतबाट उब्जेको अन्नलाई खाद्यान्न भनिन्छ। खेतीपातीबाट उत्पादन हुने त्यस्ता विभिन्न खाद्यवस्तुलाई गाउँखाने कथाले प्रतिकात्मक ढङ्गबाट चिनाएको हुन्छ। बभ्फाङी गाउँखाने कथा पनि खेतीपाती र खाद्यान्नका वस्तुलाई विषय बनाई प्रशस्त मात्रामा रचिएका छन्। जस्तै :

नान्नानी मुलाईका मुन्टानी घाँसको पुलो। (मुला)
एका बल्लगा सौ जुगा। (करेला)
जडोकाटे मर्ने टुपोकाटे सर्ने। (उखु)
बाइरइनो सुन भित्तैनो चाँनी। (केरा)
घरभरी थाङ्ना नरविनय नाङै। (फर्सी)

*२. घरेलु जीवन सम्बन्धी*

घरेलु जीवन मानिसको महत्वपूर्ण अङ्ग हो। यसबाट नै मानिसको जीवनयात्रा चलिरहेको हुन्छ। प्रारम्भिक शिक्षाको मूलथलो घर नै भएकोले बोली भाषा आचरण व्यवहार र अनुशासन जस्ता कुराहरू हामी घरेलु जीवनबाटै सिक्छौं। घरेलु जीवन मानिसका लागि महत्वपूर्ण भएकोले यिनलाई गाउँखाने कथाले प्रतीकात्मक तरीकाले चिनाउने गर्दछ। घरेजु जीवनका वस्तुका बारेमा बभ्फाङी गाउँखाने कथाहरू प्रशस्त मात्रामा रचिएका छन्। घरेलु जीवनका दैनिक काम लाग्ने प्रत्येक वस्तुलाई बभ्फाङी गाउँखाने कथाले विभिन्न प्रतीकका माध्यमबाट चिनाएको छ। साना ठूलादेखि खेलौनासम्मका गाउँखाने कथालाई यसैमा समेट्न सकिन्छ; जस्तै-

खान त खानु बिउ नराखी खानु। (नून)
औल गुडीगुडी लेक ध्वा कुडी। (हुक्का)
भाँडो पाक्यो भात नाइ पाक्यो। (अम्बा)
एकमुठी खर, घुमाउने घर। (छाता)
आमा चेलीखी ढोक दिनी। (लोटा र गाग्री)
एका रूखको एकै फल। (डाडु)
पोल्या पोल्याको माछो रूख झानो। (आँसी/हँसिया)

*३. प्राणी सम्बन्धी*

मानिस एउटा सामाजिक र चेतनशील प्राणी हो। मानवेत्तर प्राणी पनि यस संसारमा विभिन्न प्रकारका छन्। मान्छेलाई अन्य प्राणी बिना बाँच्न कठिन हुन्छ भने मानिस बिना अरू प्राणीलाई पनि

बाँच्न कठिन नै पर्छ । यसरी प्राणी एक अर्काका अभिन्न अङ्गका रूपमा रहेका हुन्छन् । प्राणीहरू आ-आफ्नो नामले परिचित छन् । बभ्फाङमा प्रचलित रहेका गाउँखाने कथा विभिन्न प्रकारका प्राणीहरूका सम्बन्धमा रचिएका छन् । जीवनदेखि लिएर चराचुरुङ्गीसँग सम्बन्धित रहेका गाउँखाने कथाले यिनका विभिन्न प्रकारका क्रियाकलापलाई देखाएको पाइन्छ; जस्तै-

नान्नानी मुलाई उछिट्टी-उछिट्टी धान कुट्टि । (उपियाँ)
आफू हिट्डो बुकी छर्दै भ्फानो । (बाख्रो)
खाटकी खट्खट चम्पाकी डोर ऐतिर कुकुर पैतिर चोर । (हलो, गोरु, मान्छे)
डोटी हुइको बाज्यो कमौ कला । (कुकुर भुकेको)
दिनभरी सिन्या रातभरी घुम्या । (लाटोकोसेरो)
दुई बइनिको एकै खुट्टो । (मालुको पात)
बिन्न हाडैको हाती । (जोको)

*४. प्रकृति सम्बन्धी*

प्रकृति लोकजीवनको अभिन्न अङ्ग हो । प्रकृतिले लोकजीवनलाई सुख-दुःखका समयमा सहायता गरेको हुन्छ । प्रकृति भन्ना साथ कुनै पनि स्थानको भूवनोट, त्यहाँको प्राकृतिक स्थिति, हावापानी, वातावरण आदि बुझिन्छ । यस भित्र धर्ती, आकाश, खोला-नाला, पाखा-पखेरा, इन्द्रेणी, तुषारो, हिउ, भूइचालो, वनजङ्गल, फलफूल आदि पर्दछन् ।

बभ्फाडी गाउँखाने कथामा प्रकृतिसित सम्बन्धित विभिन्न वस्तुहरू पाइन्छन् । मान्छेको जीवन कहिले हाँस्छ, कहिले रुन्छ, त्यस्तै प्रकृतिमा पनि घाम र छाया छ । प्रकृतिका विभिन्न पक्षलाई अगाली बभ्फाडी गाउँखाने कथाहरू निर्मित भएका छन् । जस्तै :

तानेर तान्न सकिनैन हानेर हान्न सकिनैन । (पानी)
सबुखि तातै गयासि रातै । (घाम)
आगा आगा मु पाछा पाछा तिइ । (छाया)
आगो कल्जो पानिको हाँड जाण मेरि बात । (हिउ, तुषारो)
आफू कालि नाउ राति । (रात)

*५. शरीर सम्बन्धी*

मानवका लागि शरीर अमूल्य निधो हो । शरीर बिना मानिसको कल्पना गर्न सकिदैन । शरीर नै मान्छेको धन हो । यसले गर्दा ऊ आफ्नो जीवन बिताउन सक्षम भएको हुन्छ । शरीरमा विभिन्न प्रकारका अङ्गहरू रहेका हुन्छन् । यस्ता अङ्ग इन्द्रिय तथा शारीरिक क्रियासित सम्बन्धित रहेका थुप्रै बभ्फाडी गाउँखाने कथाहरू निर्मित भएका पाइन्छन् । बभ्फाडी समाजमा नाक, मुख, ओठ, कान, जीब्रो, हात, औंला, आँखा, नङ, टाउको, कपाल, जुङ्ग आदि जस्ता गाउँखाने कथाहरू बढी प्रचलनमा रहेको पाइन्छ; जस्तै-

रातै उठी दुई गोठको हिलो हाल्नु । (सिगान फाल्नु)
एका घरका दुईमात्त देला । (नाकका प्वाल)
चिचिमुथि पापा । (नङ)
पाँच भाइको एकै थाल । (हत्केला)
अग्ला पडनि दुई पानिका नाउला । (आँखा)
अग्ला पडनि एकै खुट्कुलि । (नाइटो)
खोपा भित्तका सुकिला फुगा । (दाँत)

*६. सामाजिक विषय सम्बन्धी*

मानिसको जमघट हुने ठाउँ भनेको समाज हो । समाजबाट नै मानिसले आचरण व्यवहार तथा अनुशासन सिक्दछन् । समाजबिना मान्छे बाँच्न सक्दैन भने मानिस बिनाको समाजको पनि कल्पना गर्न सकिदैन । यसरी यी दुईका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ ।

बझाङी समाजमा विस्तृत रूपले हेर्दा धेरैजसो सामाजिक गाउँखाने कथाहरू पाइन्छन् । समाजले स्वीकार गरेका समाजमा लोकप्रिय भएका सबै गाउँखाने कथा सामाजिक नै हुन्छन् । यी गाउँखाने कथामा सामाजिक क्रियाकलाप जीवनगत व्यवहार प्राप्त हुने भएकाले यी गाउँखाने कथाको अध्ययन अपरिहार्य देखिन्छ । यहाँको सामान्य लोकव्यवहार, रहनसहन, घरेलु विषय, खानपान, स्वास्थ्य, सरसफाई, बालबृद्ध नारी आदिका विषयमा बझाङी गाउँखाने कथा रचिएका पाइन्छन् । जस्तै :

नानि मुलाई पिठिउनि झुणिनि । (झोला)
नौसय कालाको पल्टन भित्र नबोलीको राजा । (मुर्दा)
अल्का भिडनि भेडा खत्याएका (चर्दा) । (अक्षेता)
धर्तीको लिस्नु सर्गको बाड । (इन्द्रेणी)
काला डुला रन्छ रातोपानि खान्छु, आइपडयाका बेला लौ तव भन्छ । (खुकुरी)
नै खौजया पाइनो नै औथो चाइनो । (भूकम्प)
आफू कागत रै छ ठूलो तागत छ । (रूपियाँ)

*७. संस्कृति सम्बन्धी*

जीवनलाई परिष्कृत र समाजनुकूल बनाउन अपनाइने संस्कारहरूको स्वीकृत रूप संस्कृति हो । बझाङमा पनि आफ्नै प्रकारको सांस्कृतिक मान्यता छ । यस संस्कृतिलाई चिनाउने थुप्रै गाउँखाने कथा निर्मित भएका छन् । बझाङमा थुप्रै चाडपर्वहरू मनाइन्छन् । यी चाडपर्वले यहाँको संस्कृतिलाई चिनाउँछन् । दशैंकमा नयाँ लुगा फेर्ने, सन्डेका र बिसुमा पनि यहाँको महिला पुरुषले लुगा कपडा नयाँ फेर्ने र महिलाले गरगहना प्रयोग गर्ने संस्कार पाइन्छ । यहाँका मान्छेहरूको आफ्नै प्रकारको रहनसहन, खानपिन, भेषभूषा, बोली भाषाबाट संस्कृति थाहा पाइन्छ । यहाँको संस्कृतिलाई चिनाउन गाउँखाने कथाले ठूलो भूमिका खेलेको छ;

जस्तै-

अल्का पडनी भेडा खत्यायाका । (अक्षेता)
अल्का काठाकी हुइच्चा । (बुलाकी)
खान्छ काठ अगन्छ धुलो । (आगो)
आटेघरका पिठारा लेस्नु । (घट्ट)
अल्का पडनी गुराउसी फूल फूल्याका । (टिका)
आई बड्डी मच्चिदै गई बड्डी थच्चिदै । (पिङ)
हरियो चरी दो पुछरी । (दुनो)
बोलाया नवोल्या हानया भन्या बोल्या । (दमौं)

*८. आर्थिक अवस्था सम्बन्धी*

बझाङ पहाडी जिल्ला भएकोले यहाँका मानिस कृषिमा निर्भर हुन्छन् । कृषिबाट खाद्यान्नको आवश्यकता पूर्ति नहुने भएकोले आर्थिक समस्याबाट पीडित छन् । आर्थिक अवस्था कमजोरका कारण भारतमा गई दुःख कष्ट भोगी जीवन निर्वाह गर्ने काम गर्दछन् । आर्थिक अभावका कारण यहाँको पारिवारिक तथा सामाजिक जीवन पनि दुःखी जस्तो देखिन्छ । आर्थिक अवस्था कमजोरका

कारण परिवामा राग-द्वेष, ईर्श्या तथा कलह भइरहन्छ । यहाँका महिला र पुरुषले दिनभर डोको बोक्ने, बन्चरो समातेर वनमा जानु पर्ने, भारी बोक्नु पर्ने, हलो जोत्नु आर्थिक समस्याका कारण हुन् । यस्ता आर्थिक अवस्थाका झलक बझाङी गाउँखाने कथामा पाइन्छ; जस्तै-

आटेघरका पिठारा लिस्नु । (घट्ट)
आफूकालि हात बाली । (बन्दूक)
तुमु झा मैइ आउनो । (रोटी र साग)
दिनभर सिन्य रातभर उठन्या । (गल्यू/दाम्लो)
बल्ल दिन्या बाच्छो प्यान्या । (चिउरी)
बाइर सुन भित्त फलामको डल्लो । (रिट्ठोठ)

*९. विविध विषय सम्बन्धी ।*

विविध विषयमा माथिका वर्गहरूमा नपरेका गाउँखाने कथाहरू पर्दछन् । तिनमा हातहतियार, गानबजान, खेलवाड, फलफूल र अन्य विषयका गाउँखाने कथा पर्दछन् । जस्तै :

चेली राउडी माया लुच्छी । (ऐसेलु)
एकबेत व्याई आफू मरिगई । (केला/केरा)
पुल्ती चडो गीत गाउदै झऱ्यो । (सनाई)
घरभरी परिबार देलो काँ हो काँ हो । (भुजो/फर्सी)
हात अटाउन्य देला नअटाउन्य । (छाता)
आफूभन्या मुडाजसो डाको भन्या बडो । (बन्दुक)
एका बल्लका सय जुङ्गा । (करेलो)

***बझाङी गाउँखाने कथाको विश्लेषण***

बझाङी समाजमा मनोरञ्जन प्राप्त गर्न र बौद्धिक तिव्रता प्रकट गर्न गाउँखाने कथा भन्ने गरिन्छ । प्राचीनकालदेखि मानिसको मुख-मुखमा रहँदै आएका गाउँखाने कथाले लोकजीवनका विभिन्न पक्षलाई आत्मसात गरेको छ । त्यस कारण गाउँखाने कथा यहाँका अमूल्य ज्ञानका ढुकुटी हुन् । गाउँखाने कथाले लोकजीवनलाई प्रशस्त प्रभावित पार्दै आएको छ । यसै आधारमा गाउँखाने कथा समाज र संस्कृतिका चित्र हुन् । बझाङी गाउँखाने कथाको विश्लेषण गर्दा सामाजिक, सांस्कृतिक र आर्थिक दृष्टिकोणबाट गर्नु उपयुक्त देखिन्छ ।

प्रत्येक समाजले आफ्नै प्रकारको जीवन पद्धति अगालेको हुन्छ । त्यसैअनुसार क्रियाकलाप र व्यवहार चल्दै जान्छन् । गाउँखाने कथामा जीवनका तिनै व्यवहार तथा आवश्यकतासित सम्बन्धित वस्तु चित्र फेला पर्दछ । यहाँ समाजमा बसेर दुःख बिर्सन र रमाइलो गर्न दैनिक व्यवहारमा प्रयोग हुने वस्तुदेखि लगाउने खानेसम्मका वस्तुलाई गाउँखाने कथाको माध्यमबाट चिनाउने काम गरेका छन्; जस्तै-

एकारुखको एकै फल । (डाडु)
एक मुलाईका पेटभरि दाना । (भिडो/भन्टा)
इतनो उतनो राइगेडेजतनो । (आगा/आगो)
आमा चेलिखि ढोक दिनि । (घडो/गाग्री)
एकखुट्टे गाई ड्याँ ड्याँ खेलाई । (जीताडों/जाँतो)
सेतोवल्ल पानिखान गयो, रातो बल्ल पानि खाई आयो । (सेलपुरी पकाएको)
त्यस्तै गरी यहाँको समाजमा शरिरका अङ्ग चिनाउन :
अल्का पडनी दुई पानीका नाउला । (आँखा)

पाँच भाजा भाइको एक थाल । (हत्केला)

एकाबाका बत्तिस चेला बाखि सधै कुटन्या अरन्या । (जिब्रो र दाँत)

यहाँको समाजमा विभिन्न जातजातिका मानिसहरूको बसोवास छ । यहाँ माथिल्लो जातिले तल्लो जातिलाई गाउँखाने कथा यसरी भन्दछन् :

आईगुजि माइगुजि पानिदेखि डराइ गुजि । (पौला/जुत्ता)

यसरी समाजमा बसेर दुःख सुख भोगने विभिन्न सन्दर्भलाई प्रतीकात्मक रूपमा गाउँखाने कथाले धेरै कुरा सिकाएको छ । बझाडी भाषामा तपसिल बमोजिमका शब्दहरू बोलिन्छ । ती भाषाका निम्नानुसार छन् :

| **बझाडी भाषाका** | **नेपाली भाषा** |
|---|---|
| अन्यारो | अँध्यारो |
| इखु | उखु |
| इल्लेनी | इन्द्रेणी |
| उइको | उसको |
| आइ | आए |
| आछि | छैन |
| किरमुला | कमिला |
| कोठार | पेट |
| कुइडो | कुहिरो |
| छन्चरवार | शनिवार |
| छोट्टी, मुलाइ | केटी |
| छोट्टो, मुलायो | केटो |
| छियो | छ, थियो |
| जिउडो | जिब्रो |
| जौउडा | जुम्रा |
| झान्या | जाने |
| तमि | तपाई |
| बस्या को | बसेको |
| बल्ल | गोरु |
| बेल | सूर्य |
| भन्या | भने |
| भैसो/भइँसि | भैसी |
| मस्तै | धेरै |
| चेला | छोरा |
| चेलि | छोरी |
| रुमा | रौं |
| साप | सर्प |
| सिनु/निनाउन | सुत्नु |

यसरी समाजमा बझाङी भाषाको प्रयोग गरी गाउँखाने कथा भन्दै एक पुस्ताबाट अर्को पुस्तामा भाषाका र गाउँखाने कथा हस्तान्तरण भई रमाउँदै अगाडि बढ्दै छ ।

बझाडी समाजमा आफ्नै चोखो संस्कृति छ सुखदुःखका अनेक क्षणमा, एकछिन बसिवियालो गर्दा गाउँखाने कथाबाट मनोरञ्जन गर्दछन् । वर्षमा आउने विभिन्न चाडबाडमा बिसु, सन्डेडा, गंगादशहरा, देवीस्थान, दशैं र तिहार, माघेसङ्क्रान्ति आदिमा चुप लागेर नबसी दशैं आउना साथ :

अल्का पडनी गुराउसी फूल् फूल्याका । (टीका)

अल्का पडनी भेडा खत्याएका । (अक्षेता)

आइबुढी मच्चिदै गई बुढी थच्चिदै । (पिङ)

यस्ता प्रकारका गाउँखाने कथाभन्दै रमाइलो गर्छन् ।

यहाँका गाउँखाने कथाले आफ्नो सांस्कृतिक मान्यता र मूल्यलाई प्रतीकात्मक रूपमा व्यक्त गरेका छन् । बाइर बोकडो भित्र खोकडो गालानी लाली हानेखि बज्छ तालि (मादल) भन्दै सांस्कृति बाजा हो भन्ने सङ्केत गरेको छ । कालाहुला रन्छ रातोपानी खान्छ आइपर्‍यो भने लौतब भन्छ ( खुकुरी) यहाँको हतियारको जानकारी दिन्छ ।

अल्का काठाकी हुइच्चा (बुलाकी), खोला तरयाखी राती गाई चुली पुगि भञ्ज्याङ आई (पोते) यहाँको महिलाको सङ्केत गरेको छ । नान्नानी मुलाईका घ्याम्पो जत्रो लादो काँ झाने मुलाई विरानो देश (कलश) यस्ता प्रकारका गाउँखाने कथाले विवाहको सङ्केत गरेको छ ।

नेपालीहरूको आर्थिक अवस्था कमजोर छ भने बझाङीहरूको आर्थिक अवस्था अझै कमजोर छ । त्यसैले अधिकांश बझाङका मानिसले दुःख भोग्नु पर्छ, घामपानी असिना सहनु पर्छ । गाउँघरमा बस्दा डोको नाम्लो बोक्नु पर्छ । त्यसैबेला यहाँको समाजमा यस्ता प्रकारका गाउँखाने कथा भन्ने गर्दछन् ।

बिनाहात गोडाको घोडा चढ्दो । (डोको)

वनतिरझाना घरतिर मुख घरतिर झाना वनतिर मुख । (बन्चरो)

खानै रन्छ हग्दै रन्छ । (जाँतो)

नखानाले लादो भरिनो न त मुख घ-धोहुनो । (घट्ट)

आदि जस्ता गाउँखाने कथाका माध्यमबाट घरधन्दाको आर्थिक अवस्थाको सङ्केत गरेको छ । त्यसैगरी खेतीपातीसम्बन्धी

एक भाइ झानो सयभाइ आउनो । (मकै)

फूल्ला चाँनी पाक्दा सुन । (सुन्तला)

जस्ता र धनको पखेटा हुन्छ भन्ने उखान छ । यहाँ धनलाई चिनाउन आफू रैछ कागत ठूलो छ तागत (रूपियाँ), चार पुलिस दुई मन्त्री एक राजा (१ रूपियाँ) यसरी यहाँको गाउँखाने कथाले जीवनका विविध पक्षलाई समेट्ने काम गरेको छ ।

गाउँखाने कथाले लोकजीवन बसेको स्थान, भू-वनोट त्यहाँको प्राकृतिक स्थिति, हावापानी र वातावरण आदिलाई छोएको हुन्छ । त्यसैले बझाडी गाउँखाने कथामा प्रकृतिसम्बन्धी अनेक कुराहरू पाइन्छन् । प्रकृतिकै माध्यमबाट मानिसहरू गाउँखाने कथा भन्न उत्साहित हुन्छन् । जंगलमा, लेकमा सुखदुःखका अनेक क्षणमा यहाँका मानिसका मुखमा गाउँखाने कथाहरू आइरहेका हुन्छन् । यहाँको लोकजीवनको सेरोफेरोमा आउने धर्ती, आकाश, हिमाल, खोला, घाम, चन्द्रमा आदिलाई गाउँखाने कथाले चिनाउने काम गरेको छ ।

बझाडी समाजका मानिस र प्रकृतिको सम्बन्ध छ । त्यसैले प्रकृतिले मानवका हृदयमा भएका भावनालाई प्रस्फुटन गरी गाउँखाने कथाहरू जंगल, लेक, घाँस, दाउरा, वनपाखामा र सुख दुःखका क्षणमा यसरी भन्दछन् । जस्तै :

सबुखी तातै गयाखी रातै । (घाम)
दौडिन सक्तो हटन सक्तैन । (खोलो)
अगासउडाको बाटुलो रोटो । (चन्द्रमा)
हाँस्तोपन छ रुनोपन छ । (घामपानी)
अवाज आउनो धेकिनोनाइ जाइतही झानो छोपिनो नाइ त्यो नभई आफू बाँचिनो नाई । (हावा)
धर्तीको लिष्नु सर्गको वाड । (इन्द्रेणी)
खप्तड वनमा धुवा छ आगोनाइप । (कुहिरो)

यस्तै प्रकारका गाउँखाने कथाहरू भन्दै रमाइलो गर्दै यहाँका मानिसको बौद्धिक कसरत हुँदै गएको छ । यस्ता प्रकारका गाउँखाने कथाहरू गोठाला, गोठाली र वनपाखामा जाने मानिसले बढी भन्ने गरेको यहाँको समाजमा पाइन्छ ।

## निष्कर्ष

गाउँखाने कथा लोकसाहित्यको एउटा विधा हो । यो मौखिक परम्परामा जीवित रहेको भावकु मनुष्यको हृदयबाट निःसृत अभिव्यक्ति हो । यसको वर्गीकरण, रूपपक्ष र विषयका आधारमा गर्न सकिन्छ । रूपपक्षका दृष्टिले गाउँखाने कथा वाक्यात्मक, अनुप्रासात्मक, लयात्मक, उपमानमूलक र प्रश्नमूलक जस्ता विभिन्न वर्गमा वर्गीकृत हुनसक्छ भने विषयका दृष्टिले घरेलु जीवन सम्बन्धी, प्रकृति-जगत् सम्बन्धी, कृषि-व्यवसाय सम्बन्धी, शरीर, सामाजिक, संस्कृतिसम्बन्धी, आर्थिक र विविध विषय सम्बन्धी जस्ता विभिन्न वर्गमा वर्गीकृत गर्न सकिन्छ ।

बझाडी गाउँखाने कथाको परिचयबाट यहाँको समाजमा गाउँखाने कथा कसरी प्रस्तुत गर्छन् भन्ने कुराको जानकारी दिइएको छ । विषयगत वर्गीकरणकै माध्यमबाट बझाडी समाजको सामाजिक, आर्थिक, सांस्कृतिक, खेतीपाती, प्रकृति तथा शरीर सम्बन्धी नामको अवगत गर्न सकिन्छ । विश्लेषणको माध्यमबाट समाजमा चल्ने, संस्कृतिमा र आर्थिकसम्बन्धी गाउँखाने कथाको चिनारी दिइ यहाँ बोलिने भाषाका शब्द र नेपाली भाषाका शब्दको चिनारी दिएको छ ।

## सन्दर्भग्रन्थ सूची

केन्द्रीय तथ्याङ्क विभाग (सन् २००१), पपुलेशन सेन्टर नेशनल रिपोर्ट, काठमाडौँ :केन्द्रीय तथ्याङ्क विभाग ।

जि.वि.स. बझाङ (२०६३/०६४), वार्षिक प्रगति पुस्तक, बझाङ : जि.वि.स. ।

जोशी, सत्यमोहन (२०३४), हाम्रो लोकसंस्कृति, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), नेपाली लोकसाहित्यको विवेचना, काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

पराजुली, कृष्णप्रसाद (२०३९), नेपाली उखान र गाउँखाने कथा, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०५८), लोकसाहित्यको परिचय, काठमाडौँ : एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि. ।

बझाङ जिल्लाको नक्सा (२०४३), काठमाडौँ : भूमिसुधार तथा व्यवस्था मन्त्रालय, नापी विभाग ।

रोहतगी, सरोजनी (ई. १९७०), अवधिका लोकसाहित्य, दिल्ली : नेशनल पब्लिशिङ हाउस ।

श्री ५ को सरकार (२०३१), मेचीदेखि महाकालीसम्म, (भाग ४), काठमाडौँ : श्री ५ को सरकार संचार मन्त्रालय, सूचना विभाग ।

उपाध्याय, रामप्रसाद (२०५७), बझाडी डेउडा गीत, अप्रकाशित, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर :नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

उपाध्याय, शम्भुराज (२०५७), बाजुराका प्रचलित उखान, अप्रकाशित, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर :नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

भट्ट, देवदत्त (२०५५), बैतडेली गाउँखाने कथाको अध्ययन, अप्रकाशित, स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।